apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

● वर्षः १२ ● अंकः २७९ ● पृष्ठः ४ ● ०७ कार्तिक २०८३ शनिबार (24 October 2026. Saturday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# छठ नजिकिएसँगै सखखर बनाउन किसानलाई भ्याइनभ्याइ



**अपन दैनिक संवाददाता**
**महोत्तरी, कार्तिक ०६ गते**

छठ पर्व नजिकिएसँगै महोत्तरीका उखु किसानलाई सख्खर बनाउन भ्याइनभ्याइ भएको छ । छठमा चढाइने प्रसाद तथा विभिन्न परिकार बनाउन सख्खरको प्रयोग हुने भएकाले बजारमा यसको माग बढेको छ । मागसँगै मूल्यसमेत बढेपछि किसान उखु पेलेर सख्खर उत्पादन र बिक्री गर्न व्यस्त भएका छन् ।

मधेशमा दसैं सकिएसँगै तिहार र छठको चहलपहल बढेको छ । चाडपर्वमा मिष्ठान्न परिकार बनाउने परम्परा रहेकाले सख्खरको खपत बढ्ने गरेको छ । विशेषगरी छठमा सख्खरबाट खीर, ठेकुवा, भुसुवालगायतका परिकार बनाइने भएकाले यसको माग उच्च हुने गरेको किसानहरू बताउँछन् ।

स्थानीय जातको उखुबाट घरेलु प्रविधिमा उत्पादन गरिने सख्खरको लोकप्रियता बढ्दै गएको छ । महोत्तरीको गौशाला नगरपालिका-४, सुर्तिविकास चोकका सख्खर उत्पादक सुरेन्द्र साहका अनुसार छठका बेला सख्खरको माग र मूल्य दुवै बढ्ने गरेका छन् ।

'छठमा घरघरमा सख्खरको आवश्यकता पर्छ । त्यसैले वर्षकै सबैभन्दा बढी माग र मूल्य पनि यही बेला हुन्छ । पछिल्ला वर्षमा किसान सख्खर उत्पादनतर्फ आकर्षित हुँदै गएका छन्,' उनले भने ।

गौशाला नगरपालिका-११, कालिपुरका किसान रामकिशोर महतोका अनुसार छठमा सख्खरबाट बनाइने परिकारका कारण यसको माग बढ्ने गरेको छ । कार्तिक-मंसिरमा उखु काटेर सख्खर बनाउँदा बिक्रीबाट नगद आम्दानी हुने र त्यसपछि अर्को बाली लगाउनसमेत सकिने भएकाले किसान यसतर्फ आकर्षित भएका हुन् ।

'उखु काट्ने बेला चिनी मिलले समयमै उखु काट्ने पुर्जी दिँदैनन् । उखुको भुक्तानी पनि समयमै हुँदैन । त्यसैले यस वर्ष उखु पेलेर सख्खर बनाई बेच्न थालेको छु' महतोले भने ।

महोत्तरीको गौशाला, बर्दिबास, भङ्गाहा, औरही र सोनमा लगायतका क्षेत्रमा अहिले उखु पेल्ने उपकरण सञ्चालन भइरहेका छन् । किसानले आफ्नै घरमा उत्पादन गर्ने सख्खर घरेलु उपभोगसँगै बजारमा बिक्रीसमेत

बाँकी पृष्ठ ३ ▸▸

# पर्यटनको नयाँ गन्तव्य बन्दै सिरहाको लामाडाँडा




**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०६ गते**

सिरहाको गोलबजार नगरपालिका-३ स्थित लामाडाँडा आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै गएको छ ।

कुनै समय लामिडाँडा विमानस्थल निर्माणको महत्वाकांक्षी योजनाका कारण चर्चामा थियो । वर्षौं ओझेलमा परेको यो ठाउँमा अहिले पर्यटकहरू दिनप्रतिदिन बढ्न थालेका हुन् ।

पूर्व-पश्चिम राजमार्गबाट करिब ७ किलोमिटर उत्तरतर्फ रहेको लामाडाँडा चारैतिर फैलिएको घना साल वन, स्वच्छ वातावरण, खुला भू-भाग र प्राकृतिक शान्तिका कारण पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको हो ।

दैनिक रूपमा सिरहा, सप्तरी, धनुषा, सर्लाही, महोत्तरी, उदयपुरलगायत जिल्लाबाट सयौं मानिस यहाँ घुम्न, वनभोज गर्न र परिवारसँग समय बिताउन पुग्ने गरेका छन् ।

स्थानीयका अनुसार २०६६ देखि २०७२ सालसम्म विभिन्न मन्त्री, प्राविधिक तथा सरकारी टोलीले यहाँ विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन गरेका थिए । आवश्यक प्रक्रिया पनि अगाडि बढेको थियो ।

तर राजनीतिक परिवर्तन, नीति तथा प्राथमिकतामा आएको फेरबदलका कारण अन्तिम समयमा योजना कार्यान्वयन हुन सकेन । त्यसपछि लामाडाँडा लामो समयसम्म बेवास्तामा रह्यो ।

तर अहिले त्यही अधुरो सपना बोकेको भूमि पर्यटनको माध्यमबाट नयाँ भविष्य खोज्दै छ ।

करिब ३८९ हेक्टर क्षेत्रफलमा फैलिएको वनलाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समूह तथा गोलबजार

बाँकी पृष्ठ २ ▸▸

# मधेश प्रदेशमा भाषा ऐन जारी गर्न उच्च अदालतको आदेश




**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०६ गते**

मधेश प्रदेशमा नेपाली भाषाबाहेक मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजमा प्रयोग गर्न आवश्यक कानुनी व्यवस्था गर्न उच्च अदालत जनकपुरले निर्देशनात्मक आदेश जारी गरेको छ । अदालतले भाषिक अधिकारलाई मौलिक हकसँग जोड्दै संविधानप्रदत्त अधिकारको प्रभावकारी कार्यान्वयनका लागि कानुन निर्माण गर्नु राज्यको दायित्व भएको व्याख्या गरेको छ ।

उच्च अदालत जनकपुरका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश श्यामकुमार भट्टराईको संयुक्त इजलासले रुक्शना कपालीले दायर गरेको परमादेशसम्बन्धी रिटमा यस्तो आदेश दिएको हो । हालै सार्वजनिक भएको फैसलाको पूर्णपाठमा संविधानको भाषा तथा संस्कृतिसम्बन्धी मौलिक हकसँग तादात्म्यता हुने गरी आवश्यक कानुनी व्यवस्था गर्न विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरिएको उल्लेख छ ।

अदालतको आदेशअनुसार भाषा आयोगले २०७८ सालमै सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस नेपाल सरकारसमक्ष पेस गरेको थियो । उक्त सिफारिसमा मधेश प्रदेशमा मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सिफारिस गरिएको थियो ।

**विधेयक ल्याइयो, फेरि फिर्ता**

मुद्दाको सुनुवाइका क्रममा मधेश प्रदेश

बाँकी पृष्ठ ४ ▸▸

# बालिकालाई ब्ल्याकमेलिङ गरेको आरोपमा चार जना पक्राउ



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, कार्तिक ०६ गते**

बालिकालाई ब्ल्याकमेलिङ गरेको आरोपमा धनुषा प्रहरीले चार जना युवकलाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका २० बस्ने २३ वर्षीय सुकन महतो, २६ वर्षीय सन्तोष कुमार दास, २२ वर्षीय पनेशकुमार महतो र ३० वर्षीय सुजित महतो रहेको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ ।

धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालका अनुसार बुधबार राति करिब ८ बजे जनकपुरधाम-२० मा एक युवक र एक बालिका दसैंको मेला

बाँकी पृष्ठ ४ ▸▸

# रास्वपाको कोर टिम प्रधानमन्त्रीलाई असफल बनाउन षड्यन्त्र गर्दैछः प्रभु साह



**अपन दैनिक संवाददाता**
**रौतहट, कार्तिक ०६ गते**

आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले रास्वपाको कोर टिमले प्रधानमन्त्री वालेन्द्र शाहलाई असफल बनाउन षड्यन्त्रको तानाबाना बुनेको आरोप लगाएका छन् ।

सरकार बनेको ६ महिना व्यतित नहुँदै रास्वपाको कोर टिमले प्रधानमन्त्री शाहलाई विस्थापित गर्नेगरि षड्यन्त्र गरिरहेको साहको टिप्पणी छ ।

बाँकी पृष्ठ ३ ▸▸


## सडक दुर्घटनाबाट बचौं र बचाऔं



- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।

ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






०७ कार्तिक ०८३ शनिबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### कार्यान्वयनमा नचुकोस् नेपाल

संयुक्त राष्ट्रसंघको 'लस एन्ड ड्यामेज' कोषबाट २ करोड अमेरिकी डलर रकम उपलब्ध गराउने निर्णय जलवायु न्यायका क्षेत्रमा नयाँ कोसेढुंगा हो। यो नेपालका लागि आर्थिक क्षतिपूर्तिमात्र नभएर नैतिक विजय पनि मान्न सकिन्छ। तर यो निर्णय कार्यान्वयनका क्रममा सामना गर्नुपर्ने अवरोधहरू पार नगर्दासम्म भने धेरै उत्साहित हुनु उचित उपयुक्त हुँदैन।

बाढीबाट करिब २ अर्ब ६८ करोड डलर बराबरको भौतिक तथा आर्थिक क्षति भएको र पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि कुल ४ अर्ब ७८ करोड डलर आवश्यक पर्ने आकलन गरिएको छ। यसरी हेर्दा कोषले छुट्याएको भनिएको २ करोड डलर कुल आवश्यकताको तुलनामा निकै कम अर्थात् सांकेतिकमात्र देखिन्छ।

गत भदौ १० गते (अगस्ट २६) लाङटाङ लिरूङ क्षेत्रमा खसेको चट्टान र हिमनदीबाट भोटेकोसी-त्रिशूली जलाधारमा विनाशकारी बाढी जाँदा व्यापक मानवीय र भौतिक क्षति भएको छ। उक्त विपद्पछि नेपाल सरकारले त्यसलाई जलवायु न्यायको विषय बनाएर लस एन्ड ड्यामेज कोषबाट क्षतिपूर्तिको माग गरेको थियो। नेपालको माग सम्बोधन गर्दै गत बिहीबार बसेको कोषको पहिलो असाधारण बोर्ड बैठकले हाल २ करोड अमेरिकी डलर सहायता विनियोजन गर्ने निर्णय गरेको हो।

सन् २०२३ मा यो कोष स्थापना गरिएपछि कुनै पनि देशका लागि यस्तो रकम उपलब्ध गराउने निर्णय गरिएको यो पहिलो अवसर हो। यसैले यो निर्णय ऐतिहासिक पनि हुनपुगेको छ। यस ऐतिहासिक निर्णयको अगुवा बन्नु नेपालका लागि गर्वको विषय पनि हो। नेपालका लागि विनियोजित क्षतिपूर्ति रकमको सही सदुपयोग हुनसके यस्ता घटनामा अहिलेजस्तो अन्योल हुनेछैन र नेपाल सफलताको उदाहरण बन्नेछ।

नयाँ परियोजना हुनाले कार्यान्वयका क्रममा केही अलमल देखिनु स्वाभाविकै हुन्छ। तर, राष्ट्रसंघ र नेपालको पनि प्रशासनतन्त्रको प्रवृत्ति एवं इतिहास हेर्ने हो भने यो निर्णय कार्यान्वयन सहज हुनेमा ढुक्क हुन सकिँदैन। हाल लस एन्ड ड्यामेज कोषको संयोजन र सञ्चालन विश्व बैंकमार्फत् हुन्छ। विश्व बैंक नै पनि 'लाल फिताशाही' र 'फजुलखर्ची'को आरोपबाट मुक्त भने छैन।

नेपालको कर्मचारीतन्त्रमा पनि मूलतः गृहकार्य नगर्ने र संस्थागत स्मृति नराख्ने तदर्थवादी प्रवृत्ति बलियो छ। विगतमा कतिपय वैदेशिक सहायताको रकम खर्च नगरी थप नदिने र नेपालको प्रशासनतन्त्रले रकम खर्च गर्न नदिने गर्दागर्दै फिर्ता भएको उदाहरण छन्। अब पनि त्यस्तै उदाहरण दोहोरिँदैन भनेर विश्वास गर्ने बलियो आधार देखिँदैन।

नेपालले यो रकम तत्कालै पाउने भने होइन। कोषको प्रावधान अनुसार सहायता प्राप्तिका लागि नेपालले उक्त रकम कुन क्षेत्र (पुनर्निर्माण वा पुनर्स्थापना) मा खर्च गर्ने, कुन निकायमार्फत परिचालन गर्ने र प्रभावित समुदायले कसरी लाभ पाउँछन् भन्ने स्पष्ट कार्ययोजना बनाएर पेस गर्नुपर्छ। यस्तो प्रस्ताव कोषको बोर्डले अनुमोदन गरेपछि मात्र रकम निकासा हुने हो।

यसैले नेपालले अब छिटो र पारदर्शी प्रस्ताव तयार गरी रकम निकासा गराउनेतर्फ ध्यान केन्द्रित गर्नु आवश्यक देखिन्छ। यस्तो काम नियमित कर्मचारी संयन्त्रबाट हुनेगरेको छैन। यसैगरी सहायता रकम तोकिएकै काममा खर्च गर्नुको सट्टा अन्यत्र हिनामिना गर्ने प्रवृत्ति पनि कर्मचारीतन्त्रमा व्याप्त छ।

यसैले प्रस्ताव तयारीदेखिकै कामका लागि विशेष संयन्त्र निर्माण गरी पारदर्शी विधि र प्रक्रिया अपनाउनुपर्छ। कोषबाट प्राप्त हुने रकम पीडित क्षेत्रका स्थानीयकै हितमा खर्च हुने सुनिश्चित गर्न योजना तर्जुमाकै चरणबाट स्थानीय जनतालाई सहभागी बनाउनुपर्छ।

यसैगरी, कोषबाट रकम प्राप्त नहुँदासम्मका लागि सरकारकै बजेटबाट पुनर्निर्माण र पुनःस्थापनाका कामहरू अगाडि बणाउनुपर्छ। यसै पनि कोषबाट हाल दिइने भनेको रकम आवश्यकताका तुलनामा नगण्य नै छ। नत्र, लस एन्ड ड्यामेज कोषको रकमबाट पीडितहरू खासै लाभान्वित हुनेछैनन् भने पछिका लागि पनि गलत नजिर बन्नेछ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# बालेन्द्र शाहका कदम– फगत स्टन्ट कि असल नियत ?


युवराज घिमिरे

> बालेन्द्र शाहको सचिवालय मुख्यतया आइटी विज्ञहरूको समूह हो, जहाँ कुनै पनि विवाद र घटनामा कम्प्युटरको सर्वोच्चता मानेर अघि बढ्ने शैली देखिन्छ । तर, त्यो शैलीलाई मानवीय र सवैधानिक पक्षले मान्यता दिंदैन ।

नेपालका हरेक चाड, साँस्कृतिक पर्व र उत्सवहरूले पौराणिकता तथा त्यसमा जोडिएका संस्कार तथा सन्देश बोकेका हुन्छन्। यी चाडबाडहरूको मर्मलाई आफूले आत्मसात गर्न नसके पनि अक्सर राजनीतिक दलहरूका प्रमुख या राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूले ती पर्वहरूका अवसरमा जनताप्रति शुभकामना व्यक्त गर्दै तिनका मर्म र भावअनुरुप कार्य गर्न सुझाव दिने गर्छन्।

वास्तवमा हरेक धर्म र दर्शनबारे अनेकौं ठेलीहरू लेखिएका छन्। अब ती धर्मका मर्म र सन्देशबारे 'धार्मिक व्यक्तित्व'हरूले दिने गरेका प्रवचनले 'भिडियो' र 'पोडकास्ट'का रुप पनि लिएका छन्। तर, धर्मले अभ्यास र अक्षरद्वारा परिभाषित गरेको अनुशासन भनौं, 'ढाँचा'भित्रबाट आफूलाई सञ्चालित गर्ने थुप्रै 'व्याख्याता' र 'धर्म गुरुहरूले' विवेकानन्दले सन् १८९३ सेप्टेम्बरमा सिकागोमा भनेजस्तै आफ्नै धर्मको घेरालाई महान र अर्को धर्मलाई 'तुच्छ' मान्ने सन्देश या दावी प्रस्तुत गर्दै आएका छन्।

धर्मको सान्दर्भिकता 'मुक्ति', 'समानता' अनि 'विभेद'को अन्तरसँग जोडिएको हुन्छ। खालि पेट राखेर धर्म कमाउनुपर्छ या अभ्यास गर्नुपर्छ भन्ने 'पण्डितहरू'लाई स्वामी विवेकानन्दले 'फटाहा' या सन्तको खोजीमा बाधकहरूको संज्ञा दिएका छन्। वास्तवमा उनले आर्थिक आयआर्जनले मानव जीवनमा समृद्धि र अध्यात्मिक अभ्यासले जीवनको महान लक्ष्य या 'मुक्ति'को मार्गप्रशस्त गर्छ भन्ने सन्देश दिएका थिए।

यता आएर सत्ता, शक्ति र पेशवर राजनीतिज्ञहरूले 'सेवा नै धर्म हो' भन्ने नारा चर्काएर राजनीतिलाई नै धर्म हो भन्ने गरेका छन्। यद्यपि, सत्ता र शक्तिलाई भ्रष्टाचारको सिंढी नबनाउने नेताहरू कमै छन् नेपालमा।

मुक्ति 'दासत्व'को ठीक विपरीत अवधारणा मान्यता र आचरण हो। मुलुकको आन्तरिक राजनीतिमा बाह्य हस्तक्षेप निम्त्याएर त्यसलाई जनताको 'मुक्तिमार्ग'का रुपमा प्रस्तुत गर्ने माओवादी, नेपाली कांग्रेस, एमाले र मधेश केन्द्रित दलहरू नेता विशेषका व्यक्तिगत महत्वकांक्षा र बिकाउ चरित्रका कारण उनीहरूले जनताको संलग्नताबिना ल्याइएको राजनीतिक एजेन्डाहरूलाई 'मुक्तिमार्ग' या जनताको 'मुक्ति'का रुपमा प्रस्तुत गरे केही समय।

माओवादी शिविरका लडाकुका रुपमा होस् या केही पैसा कमाउन खाडी पठाइएका युवाहरू माओवादी र १२-बुँदेका आठ नेताहरूलाई 'मुक्ति' मार्गका प्रेरक मान्दैनन् अब। उनीहरूलाई बाह्य शक्तिहरुद्वारा परचालित या परिचालित 'दास'हरू मान्दछन् अब आएर।

नेपाली समाजमा धर्मलाई अध्यात्म र जन्म मृत्युको बन्धनबाट मुक्ति दिलाउने दर्शन या मार्गका रुपमा मान्ने धेरै छन्। वास्तवमा सबै धर्महरूको सर्वस्वीकार्य सन्देश स्वामी विवेकानन्दले भने झैं प्रेम, शान्ति, करुणा र एकअर्काप्रतिको सदभाव मानिन्छ। तर, खासगरी विगत २० वर्ष धर्मलाई निषेध र घृणाको मात्र हैन, 'धर्मनिरपेक्ष राज्य' का नाममा किनबेचको विषय बनाइएको छ। लोकतन्त्रलाई जनताले महत्वपूर्ण विषयमा निर्णय लिन नपाउने र नेताहरूले बाह्य दासत्वमा जवाफदेहिता लिनु नपर्ने राजनीतिक अभ्यास बनाएका छन्।

६ महिनाअघि मुख्यतया भ्रष्टाचारका कारण विगत २० वर्षमा आलोपालो निरन्तर रुपमा सत्ताको नेतृत्व गरेका र भागवण्डाको सत्ता उपभोग गर्न पल्केका १२ बुँदेका शक्तिहरू सत्ताबाट बढारिए। सुशासनसँगै स्वशासनको प्रतिज्ञा गरेका बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकारका लागि मत दिए जनताले। तर, त्यो पुराना शक्ति र नेताहरूको अस्वीकृतिकै मत हो मुख्यतः।

यता दसैंको अवसरमा प्रधानमन्त्री शाहले दिएको शुभकामना सन्देशमा उनले सरकार जनताको सुरक्षा र समृद्धिका लागि प्रत्यक्ष उपस्थित रहेको र त्यो तथ्यलाई स्वीकार गर्न पनि जनतालाई एक जुट हुन आग्रह गरेका छन्। बालेन्द्र शाह अझै पनि नेपालका कुनै पनि १२ बुँदे नेताभन्दा बढी लोकप्रिय छन् र जनताको उनीप्रतिको आशा अझै मरेको छैन। तर, उनीमाथिको आशा र विश्वास घट्दै गएको छ।

उनको सचिवालयमा झगडा छ। उनको सचिवालय र केही मन्त्रीहरूबीच कार्यक्षेत्रलाई लिएर विवाद छ। पासपोर्ट काण्डमा प्रधानमन्त्रीको सचिवलायलाई असहज हुने गरी परराष्ट्र मन्त्रालयले जर्मन सरकारसँगको एउटा सहमति गरेको छ कि पासपोर्ट छपाइलगायतका विषयमा नेपाल सरकारले अदालतबाट मुद्दा किनारा लागेपछि व्याजसहित सबै रकम मुक्तान गर्नेछ। यो सहमति भोलिका मुद्दाबारे सर्वोच्चको के फैसला होला, त्यसको अनुमानका आधारमा पनि भएको छ। अर्कोतिर यो मुद्दामा सरकारको के धारणा छ सर्वोच्चमा ? त्यो आफै दुविधाग्रस्त छ।

**बालेन्द्र शाहले प्रक्रियागत र सिलसिलाबद्ध तरिकाले काम नगरे केही समयमा उनलाई केपी ओली या महिषासुर र रावण वधसँग जोडेर जनतालाई सत्ताको न्यायिक पक्षमा विश्वास गर्न आह्वान गर्दा अर्को प्रश्न स्वभाविक रुपमा उठ्ने छ ।**

तर, योभन्दा बालेन्द्र शाहको विजयादशमी सन्देशमा जनताले सरकारप्रति एकजुट भएर विश्वास गर्ने किन ? भन्ने प्रश्न उठ्छ नै। सन्देशमा दुर्गामाताद्वारा महिषासुर र भगवान रामद्वारा रावणको मृत्यु भएको प्रसंग दिएर उनले बाह्य किनबेचको शिकार भएको 'धर्म'प्रति आफ्नो संलग्नता देखाएका छन्। तर, 'धर्म' यदि सुशासन र मुलुकको सेवाको पर्याय हो भने चोलेन्द्रशमशेर जबरा छानबिन प्रकरण वा समग्र षड्यन्त्रमा अन्तिम लाभकर्ता र राजनीतिक या अन्य रुपबाट अन्तिम फाइदा कसले लिँदै थियो भन्नेबारे किन विश्वसनीय छानबिन गठन गरेका छैनन् ?

उनले यो नगर्दासम्म यो मुलुकमा बालेन्द्रको सरकारप्रति एकजुट भएर विश्वास गर्ने छैनन् जनताले। किनकि यसअघिका सबै नेताहरूले यस्तै वाचा गरेका या अभिव्यक्ति दिने गरेका छन्। बालेन्द्र शाहले प्रक्रियागत र सिलसिलाबद्ध तरिकाले काम नगरे केही समयमा उनलाई केपी ओली या महिषासुर र रावण वधसँग जोडेर जनतालाई सत्ताको न्यायिक पक्षमा विश्वास गर्न आह्वान गर्दा अर्को प्रश्न स्वभाविक रुपमा उठ्ने छ। त्यो मान्यता बोक्ने धर्मलाई आयातित राजनीतिले किनबेचको विषय बनाएकोमा मौन रहने प्रधानमन्त्री या सरकारले महिषासुर र रावण वधजस्तै असुरी भ्रष्टाचार उनकै शासन र सरकारमा जीवित छ र उनी त्यो आशंकालाई प्रभावकारी र प्रक्रियागत ढंगले सम्बोधन गर्न सकेका छैनन् भन्ने संकेत चोलेन्द्र प्रकरणमा उनले देखाएका छन्। चोलेन्द्रको गिरफ्तारी या छानबिन 'बालेन्द्र सफा छन्' भन्ने नियतले भन्दा यो विवाद र कथित षड्यन्त्रको गिरफ्तार या व्यापक जालोमा को-को छन् ? अनि त्यसका अन्तिम लाभकारी व्यक्ति को हुन् ? त्यो भन्न नसकेमा यसलाई बालेन्द्र शाहको 'स्टन्ट' मानिने छ।

बालेन्द्र शाहको सचिवालय मुख्यतया आइटी विज्ञहरूको समूह हो, जहाँ कुनै पनि विवाद र घटनालाई मानवीय तथा कानुन र कम्प्युटरको विवादमा कम्प्युटरको सर्वोच्चता मानेर अघि बढ्ने शैली देखिन्छ। तर, त्यो शैलीलाई मानवीय र संवैधानिक पक्षले मान्यता दिँदैन। शासन लोकप्रिय र अलोकप्रिय हुनसक्छ तर विधि, विधान र प्रक्रिया मिचेर अगाडि बढ्दा व्यक्तिको सर्वोच्चता या कानुनभन्दा माथि व्यक्ति

बाँकी पृष्ठ ३ ▶▶

## पर्यटनको नयाँ गन्तव्य बन्दै सिरहाको ...........

नगरपालिकाले संयुक्त रूपमा विभिन्न पूर्वाधार निर्माण गरिरहेका छन्।

वन क्षेत्रभित्र पदमार्ग निर्माण, विश्रामस्थल, पिङ, पिकनिक स्पट, बस्ने चौतारा, सरसफाइ तथा वातावरण संरक्षणका कामलाई प्राथमिकताका साथ अघि बढाइएको छ।

शहरको व्यस्त जीवनबाट केही समय टाढा रहेर प्रकृतिसँग रमाउन चाहनेहरूका लागि लामाडाँडा उत्कृष्ट गन्तव्य बन्दै गएको छ।

लामाडाँडा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष आनन्द पाखरिनले लामाडाँडाको विकास स्थानीय समुदायको सपना भएको बताए। उनका अनुसार वन संरक्षणसँगै पर्यटन प्रवर्द्धनलाई जोडेर काम गरिएकाले अहिले यसको सकारात्मक परिणाम देखिन थालेको छ।

'एक समय विमानस्थल बन्ने आशामा बसेका थियौं। त्यो सम्भव नभएपछि हामीले यही प्राकृतिक सम्पदालाई संरक्षण गर्दै पर्यटनको माध्यमबाट विकास गर्ने सोच बनायौं,' उनले भने।

स्थानीय युवा दीपेश मोक्तानले लामाडाँडाको विकासले स्थानीय युवामा नयाँ उत्साह थपेको बताए। उनका अनुसार पर्यटन विकाससँगै स्थानीय रोजगारी र आर्थिक गतिविधि बढ्ने सम्भावना पनि उत्तिकै रहेको छ।

स्थानीय रञ्जित लामाका अनुसार, लामाडाँडाको वास्तविक सौन्दर्य प्रत्यक्ष पुगेपछि मात्र महसुस गर्न सकिन्छ। 'यहाँको घना साल वन, खुला वातावरण, चराचुरुङ्गीको आवाज र स्वच्छ हावाले सबैलाई लोभ्याउँछ,' उनी सुनाउँछन्।

पर्यटक शेर्या योन्जनले पनि लामाडाँडाको प्राकृतिक सौन्दर्यले आफू निकै प्रभावित भएको बताइन्।

गोलबजार नगरपालिकाका जिन्सी शाखा प्रमुख निरञ्जन शाक्यका अनुसार विगतमा यहाँ आउने पर्यटकले खानेकुरा र पिउने पानीसमेत बजारबाट बोकेर ल्याउनुपर्ने अवस्था थियो। अहिले भने नगरपालिका र स्थानीय समुदायको सहकार्यमा आधारभूत पूर्वाधार विस्तार हुँदै गएको छ।

## आजको राशिफल

**मेष :** नयाँ साथीहरूसँगको भेट र व्यावसायिक छलफलले मन प्रफुल्लित हुनेछ।

**बृष :** वैदेशिक क्षेत्र वा टाढाको यात्रासँग काममा सफलता मिल्नेछ। मान्यजनबाट विशेष सहयोग प्राप्त भएर स्फूर्ति बढ्नेछ।

**मिथुन :** व्यक्तिगत कुराहरू विश्वासयोग्य व्यक्तिसँग मात्र साझा गर्नु बुद्धिमानी हुनेछ।

**कर्कट :** आर्थिक कारोबारमा पूर्ण स्पष्टता राख्नुहोला। पारिवारिक आनन्द प्राप्तिका लागि आपसी छलफललाई प्राथमिकता दिनुहोस्।

**सिंह :** निर्णय लिनुअघि तथ्य बुझ्ने बानी बसाल्नुहोस्। अध्ययन तथा लेखन क्षेत्रमा प्रगति हुनेछ।

**कन्या :** महत्त्वपूर्ण कागजातहरूको सुरक्षामा ध्यान दिनुहोस्। आर्थिक स्थिरता आउनेछ। घर परिवारमा शान्ति कायम रहनेछ।

**तुला :** अनावश्यक विवादबाट टाढा रही आफ्ना प्राथमिकता अनुसार जीवनलाई अघि बढाउने प्रयास गर्नुहोस्।

**वृश्चिक :** दीर्घकालीन लक्ष्यलाई ध्यानमा राखेर नयाँ योजनाहरू सुरु गर्ने दिन हो।

**धनु :** पारिवारिक भेटघाट र सम्बन्ध सुधारका लागि आजको दिन निकै राम्रो छ। सामाजिक कार्यमा सहभागिता बढ्नेछ।

**मकर :** भविष्यका योजनाहरू गोप्य राखेर मात्र अघि बढाउनुहोस्। लगानीका क्षेत्रबाट राम्रो मुनाफा मिल्ने योग बनेको छ।

**कुम्भ :** परिवारको भावना बुझ्ने बानीले ठूलो जीम्मेवारी दिलाउनेछ। आजको शुभ रंग रातो हो भने शुभ अंक ३ रहेको छ।

**मीन :** व्यापारिक यात्रा सफल हुनुका साथै सम्बन्धित विषयवस्तु निर्माणका नयाँ अवसर देखिनेछन्।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# स्थानीय तह निर्वाचनमा रास्वपाबाट उम्मेदवार बन्न दल त्याग

**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, कार्तिक ०६ गते**

आगामी स्थानीय तहको निर्वाचन फागुनको अन्तिम साता वा चैतको पहिलो साता गर्ने विषयमा चर्चा हुन थालेसँगै राजनीतिक दलहरूमा चुनावी सरगर्मी बढ्न थालेको छ। निर्वाचनमा उम्मेदवारी सुनिश्चित गर्ने आकांक्षा सहित विभिन्न दलका नेता तथा कार्यकर्ताहरू पार्टी परिवर्तन गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गर्न थालेका छन्।

पर्सामा राष्ट्रिय मुक्ति पार्टी नेपालका सहमहासचिव नेजामुद्दिन शमानी र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का मधेश प्रदेश कमिटी सदस्य प्रभाकर गुप्ताले आ-आफ्नो पार्टी परित्याग गरी रास्वपाको सदस्यता लिएका छन्। उनीहरूको प्रवेशलाई आगामी स्थानीय निर्वाचनको तयारीसँग जोडेर हेरिएको छ।

राष्ट्रिय मुक्ति पार्टी नेपालका सहमहासचिव शमानीले रास्वपाको आधिकारिक अनलाइन प्रणालीमार्फत पार्टीको साधारण सदस्यता लिएका हुन्। उनी आगामी स्थानीय निर्वाचनमा पोखरिया नगरपालिकाको नगर प्रमुख पदमा उम्मेदवार बन्ने उद्देश्यले रास्वपामा प्रवेश गरेको बताइएको छ।

शमानीले आफू राष्ट्रिय मुक्ति पार्टीबाट रास्वपामा प्रवेशप्रक्रियामा लागेको बताए। उनी लायन्स क्लबमार्फत सामाजिक गतिविधिमा समेत सक्रिय रहँदै आएका छन्।

यसैगरी, पर्साको वीरगञ्ज महानगरपालिका-१०, घडिअर्वा निवासी प्रभाकर गुप्ताले पनि नेकपा परित्याग गर्दै रास्वपाको सदस्यता लिएका छन्। दुई दशकभन्दा लामो समयदेखि पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको कम्युनिष्ट धारको राजनीतिमा सक्रिय रहँदै आएका गुप्ताले विद्यार्थी राजनीतिबाट आफ्नो राजनीतिक यात्रा सुरु गरेका थिए।

गुप्ताले २०६१ सालमा विद्यार्थी राजनीतिमा प्रवेश गरेका थिए। २०६३ सालमा अखिल (क्रान्तिकारी) को नगर समिति सदस्य, २०६४ सालमा जिल्ला समिति सचिवालय सदस्य तथा २०६६ सालमा ठाकुरराम बहुमुखी क्याम्पसको इकाइ कमिटी अध्यक्षको जिम्मेवारी सम्हालेका थिए। उनले २०६५ सालमा ठाकुरराम बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा सदस्य पदमा प्रतिस्पर्धासमेत गरेका थिए।

त्यसपछि २०६७ सालमा तत्कालीन नेकपा माओवादी केन्द्रको पर्सा जिल्ला सदस्यमा मनोनीत भएका गुप्ता २०६९ सालमा अखिल (क्रान्तिकारी) को १८औँ राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा मनोनीत भएका थिए। २०७३ सालमा संगठनको केन्द्रीय सचिवालय सदस्य बनेका उनले केन्द्रीय सचिवको जिम्मेवारीसमेत सम्हालिसकेका छन्।

लामो समय कम्युनिष्ट राजनीतिमा सक्रिय रहेका गुप्ताले पार्टीभित्र



परिवारवाद, अवसरवाद र गुटगत प्रवृत्ति हाबी भएको तथा इमानदार कार्यकर्ताको उचित मूल्याङ्कन नभएको आरोप लगाएका छन्। यिनै कारणले आफूले नेकपा परित्याग गरी रास्वपा रोजेको उनको भनाइ छ।

# असोजमा पर्सामा ४० सवारी दुर्घटना, २ जनाको मृत्यु

**अपन दैनिक संवाददाता**
**पर्सा, कार्तिक ०६ गते**

पर्सा जिल्लामा असोज महिनाभर ४० वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ भने ३९ जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार दुर्घटनामा ६१ वटा सवारीसाधन संलग्न रहेका थिए। दुर्घटनामा घाइते भएका ३९ जनाको उद्धार गरी उपचारका लागि पठाइएको प्रहरीले जनाएको छ।

प्रहरी तथ्यांकअनुसार दुर्घटनाको प्रमुख कारण चालकको लापरवाही र अन्य विविध कारण देखिएका छन्। कुल ४० दुर्घटनामध्ये १५ वटा चालकको कारण र २५ वटा अन्य



कारणले भएका हुन्। यीमध्ये १५ दुर्घटना चालकको लापरवाहीले र बाँकी अन्य कारणले भएका हुन्।

यसैबीच, ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनमाथि कारबाहीलाई तीव्र बनाइएको प्रहरीले जनाएको छ। असोज महिनामा १ हजार ३ सय ४४ सवारीसाधनलाई कारबाही गर्दा १९ लाख ३६ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ।

बाँकी पृष्ठ ४ ▶▶

## रास्वपाको कोर टिम प्रधानमन्त्रीलाई असफल बनाउन ............

शुक्रबार रौतहटको गरुड़ामा अग्रगामी मोर्चाको नगर कमिटीले आयोजना गरेको शुभकामना विशेष कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले वर्तमान सरकारलाई अन्य दलबाट कुनै थ्रेट नभएपनि रास्वपाभित्रैबाट असफल बनाउनेगरि षड्यन्त्र रचिएको र छिट्टै त्यो जनताले थाहा पाउने बताएका हुन्।

रास्वपाका सभापति रवि लामिछाने, अर्थमन्त्री स्वर्णिम वाग्ले र पूर्व उपसभापति तथा वर्तमान सभामुख डिपी अर्यालले प्रधानमन्त्री शाहलाई असफल बनाउनेगरि मोर्चाबन्दी कसेको आजपा अध्यक्ष साहको दाबी छ।

उनले सभापति लामिछानेको यसअघि सम्पन्न भएको भारत भ्रमण, चीन भ्रमणको तयारी र अहिले पून: धार्मिक यात्राको लागि भारत निस्किएको प्रसंगलाई पनि शंकाको दृष्टिले हेरिनुपर्ने उल्लेख गरेका छन्। अर्थमन्त्री वाग्लेसमेत भारत भ्रमणमा रहेको सन्दर्भ उल्लेख गर्दै साहले रास्वपाको कोर टिमको तारन्तारको भारत भ्रमणलाई सामान्य रुपमा हेरिन नहुने उनको भनाई छ।

पूर्वमन्त्री साहले रास्वपाको कोर टिमले प्रधानमन्त्री शाहलाई आसन्न स्थानीय तहको निर्वाचनसम्म मात्रै उपयोग गर्न खोजेकोले त्यसप्रति सजग हुन सुझाव दिएका छन्।

रास्वपाको पार्टी पँक्ति अहिले चुनावमुखी मात्रै भएको र देशको बारेमा उनीहरुलाई कुनै चिन्ता नभएको पनि उनको आरोप छ।

आजपा अध्यक्ष साहले भने,"घण्टीहरुलाई कुर्सीको मात्रै चिन्ता छ, चुनाव कसरी जित्ने, कसरी पद पाउने भन्ने मात्रै चिन्ता देखियो, देश र जनताको बारेमा यिनीहरुलाई कुनै चिन्ता छैन। यस्तो अवसरवादी सोच भएकाहरुबाट सचेत हुनुपर्छ।"

रास्वपामा रवि लामिछानेसमर्थित घण्टी कार्यकर्ताहरु उग्र रहेको र सामाजिक सञ्जाल नै दुषित बनाएको साहको टिप्पणी छ। साहका अनुसार घण्टीका कार्यकर्ताहरुलाई सामाजिक सम्बन्धको महत्व थाहा नभएकोले सञ्जालमा फोहोरी गालीगलौज गर्ने गरेका छन्।

## बालेन्द्र शाहका कदम- फगत स्टन्ट कि असल .............

उभिने परम्परा स्थापित हुन जान्छ त्यसबाट।

०६३ पछिको राजनीति र संविधान अनि राजनीतिक परिवर्तनलाई स्थापित गर्ने क्रममा ती प्रक्रिया, स्वदेशी र सार्वभौम संलग्नता मिचिएकोले अन्तत: ओली, प्रचण्ड, देउवा तथा नेपाली कांग्रेस, माओवादी, एमाले र मधेशकेन्द्रित दल बढारिएका हुन्। वालेन्द्र शाहले त्यही विचलन बोके भने उनको नियति फरक हुनेछैन।

उनीसँग एउटै विकल्प छ, पहिलाका ती विचलन र विकृतिलाई सम्बोधन गर्ने र कोर्ष करेक्सन गर्ने। अन्यथा, चोलेन्द्र शमशेर प्रकरणजस्ता एउटा हैन, धेरै षडयन्त्र आउनेछन् र त्यो षड्यन्त्रबाट सबभन्दा पहिला फाइदा लिने उनकै पार्टीभित्रका प्रतिद्वन्द्वी तँछाडमछाड गर्नेछन्।

## छठ नजिकिएसँगै सख्खर बनाउन किसानलाई .............

गर्ने गरेका छन्।

गौशाला नगरपालिका-४ का किसान देवनारायण साहले चिनी मिलबाट समयमै भुक्तानी नपाइने समस्याका कारण उखु पेलेर सख्खर उत्पादन गर्न थालेको बताए। उनका अनुसार सख्खर बिक्री गर्दा तत्काल नगद प्राप्त हुने भएकाले किसानलाई आर्थिक रूपमा सहज भएको छ।

महोत्तरीमा सबैभन्दा बढी उखु उत्पादन हुने क्षेत्रमध्ये गौशालामा सख्खर उत्पादनको चटारो बढेको छ। त्यहाँ करिब आधा दर्जन सख्खर उत्पादन उद्योगसमेत सञ्चालनमा रहेको किसानहरू बताउँछन्। छठअघि नै उत्पादन बजारमा पुर्‍याउन सके राम्रो मूल्य पाइने भएकाले किसानले उत्पादन बढाएका छन्।

गौशाला नगरपालिका-४ का किसान देवनारायण महतोका अनुसार छठलाई लक्षित गरी उत्पादन गरिएको सख्खरले बजारमा राम्रो मूल्य पाउने गरेको छ। त्यसैले पर्वअघि नै सख्खर तयार पारेर बिक्री गर्न किसानलाई हतारो भएको छ।

सख्खर उत्पादनका लागि उखुको जात र परिपक्वताअनुसार फरक परिमाणमा उखु आवश्यक पर्ने गरेको छ। सख्खर बनाउने कारीगर मोहम्मद जुमराति अन्सारीका अनुसार एक क्विन्टल सख्खर उत्पादन गर्न करिब आठदेखि १० क्विन्टल उखु आवश्यक पर्छ। 'नौ क्विन्टल जति छिप्पिएको उखुबाट एक क्विन्टल सख्खर तयार हुन्छ। तर अहिले उखु कलिलो भएकाले १० क्विन्टलसम्म उखु आवश्यक पर्छ,' उनले भने।

सख्खरको मूल्यसमेत बढेको छ। सख्खर उत्पादनमा संलग्न श्यामकिशोर महराका अनुसार सामान्य अवस्थामा प्रतिकिलो करिब ८० रुपैयाँमा बिक्री हुने सख्खर छठका बेला गुणस्तरअनुसार प्रतिकिलो १०० देखि १५० रुपैयाँसम्ममा बिक्री हुने गरेको छ।

**यसरी बनाइन्छ सख्खर**

सख्खर बनाउन सबैभन्दा पहिले खेतबाट काटेर ल्याइएको उखुलाई कोल्हु वा क्रसर मेसिनमा पेलेर रस निकालिन्छ। उखुको जात र गुणस्तरअनुसार रसको परिमाण फरक पर्छ। निकालिएको काँचो रसलाई ठूला भाँडा वा कुण्डमा जम्मा गरिन्छ। रसमा मिसिएका धूलो र माटो हटाउन प्राकृतिक पदार्थको प्रयोग गरी त्यसलाई सफा गरिन्छ। त्यसपछि सफा गरिएको रसलाई ठूला फलामका कराहीमा राखेर आगोमा उमालिन्छ। रस नडढोस् र समान रूपमा पाक्दै जाओस् भनेर निरन्तर चलाइरहनुपर्छ।

लामो समयसम्म उमाल्दा रस बाक्लो हुँदै जान्छ। आवश्यक बाक्लोपन र तापक्रम पुगेपछि कराहीलाई आगोबाट झिकिन्छ। त्यसपछि बाक्लो रसलाई केहीबेर फेटेर चिस्याइन्छ। जम्ने अवस्थामा पुगेपछि विभिन्न आकारमा राखेर ठोस बनाइन्छ। यसरी उखुको रसबाट सख्खर तयार हुन्छ।









# कार्तिक ११ देखि नेपालमा मौसम सक्रिय हुने, सतर्क रहन विभागको आग्रह

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०६ गते**

नेपाल मौसम विज्ञान विभागले आगामी कार्तिक ११ गते (बुधबार) बाट मौसम प्रणाली सक्रिय हुने भन्दै सतर्क रहन आग्रह गरेको छ।

शुक्रबार बिहानबाट पूर्वमध्य तथा आसपासको दक्षिणपूर्वी बंगालको खाडीमा न्यून चापीय क्षेत्रमा विकसित भएको र उक्त न्यून चापीय क्षेत्र क्रमश: बलियो हुँदै जाने जानकारी गराएको हो।

कार्तिक ९ गते उक्त प्रणाली चक्रवात आँधीमा विकसित भइ पश्चिम-उत्तरपश्चिम दिशातर्फ सर्दै भारतको उत्तर आन्ध्र प्रदेश तथा आसपासको दक्षिण ओडिशा तटबाट जमिनको भू-भागमा प्रवेश गर्ने सम्भावना रहेको विभागले जनाएको छ।

उक्त मौसम प्रणालीका कारण आगामी कार्तिक ११ देखि १५ सम्म नेपालको मौसममा प्रभाव विभागले जनाएको छ।

यद्यपि, यस प्रणालीका कारण नेपालमा हुन सक्ने वर्षाको मात्रा, जोखिमको स्तर तथा सम्भावित असरबारे अहिले नै यकिन गर्न सकिने अवस्था नरहेको विभागले जनाएको छ।

सम्भावित प्रतिकूल मौसमका कारण कृषि तथा पर्यटन क्षेत्रमा असर पर्न सक्ने भएकाले सम्बन्धित सबैलाई सतर्क रहन अनुरोध गरिएको छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**नेपाल मौसम विज्ञान विभाग**
मौसम पूर्वानुमान महाशाखा
पोष्ट- मनसुन विशेष मौसम बुलेटिन -१ (Post- Monsoon Special Weather Bulletin - 1)
(जारी मिति : २०८३/०७/०६ राति ०७ :०० बजे)




चित्रः न्यून चापीय क्षेत्र (Low Pressure Area(**LPA**)) रहेको स्थान सहितको भू-उपग्रहको तस्वीर




चित्रः न्यून चापीय क्षेत्र (Low Pressure Area(**LPA**)) रहेको स्थान सहितको भू-उपग्रहको तस्वीर

मौसम मोडल तथा भू-उपग्रहबाट प्राप्त तस्बिर र तथ्याङ्क विश्लेषणको आधारमा आज विहान ५:४५ बजे पूर्वमध्य तथा आसपासको दक्षिणपूर्वी बंगालको खाडीमा न्यून चापीय क्षेत्र (Low Pressure Area) विकसित भएको र उक्त न्यून चापीय क्षेत्र क्रमशः बलियो हुँदै कार्तिक ९(अक्टोबर २६) गते, सोमबार चक्रवात आँधी (Cyclonic Storm) मा विकसित भइ पश्चिम-उत्तरपश्चिम दिशातर्फ सर्दै भारतको उत्तर आन्ध्र प्रदेश तथा आसपासको दक्षिण ओडिशा तटबाट जमिनको भू-भागमा प्रवेश गर्ने सम्भावना रहेको छ।

उक्त मौसम प्रणालीका कारण आगामी कार्तिक ११ (अक्टोबर २८) गते (बुधबार) देखि कार्तिक १५ (नोभेम्बर ०१) गते (आइतबार) सम्म नेपालको मौसम प्रभावित हुन सक्ने देखिन्छ। यद्यपि, यस प्रणालीका कारण नेपालमा हुन सक्ने वर्षाको मात्रा, जोखिमको स्तर तथा सम्भावित असरबारे अहिले नै यकिन गर्न सकिने अवस्था छैन। तथापि, सम्भावित प्रतिकूल मौसमका कारण कृषि तथा पर्यटन क्षेत्रमा असर पर्न सक्ने भएकाले सम्बन्धित सबैलाई सतर्क रहन अनुरोध गरिन्छ।

नेपाल मौसम विज्ञान विभागले उक्त मौसम प्रणालीको निरन्तर अनुगमन गरिरहेको छ र आवश्यकताअनुसार थप सूचना अद्यावधिक गर्दै जानेछ। मौसमसम्बन्धी आधिकारिक तथा अद्यावधिक जानकारीका लागि यस विभागबाट जारी हुने सूचनाहरू नियमित रूपमा हेर्नुहुन अनुरोध छ।

मौसम सम्बन्धी थप जानकारीका लागि सम्पर्क राख्नुहोला :
मौसम पूर्वानुमान महाशाखा,
**नेपाल मौसम विज्ञान विभाग**
बबरमहल, काठमाडौं
फोन: ११५५(१)

Facebook: https://www.facebook.com/mfd.nepal.5
Twitter: https://x.com/NMD_Weather

## असोजमा पर्सामा ४० सवारी दुर्घटना ...........

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डीएसपी चक्रबहादुर मल्लले दुर्घटना न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम, सवारी जाँच तथा ट्राफिक नियमको कडाइका साथ कार्यान्वयनलाई निरन्तरता दिइएको बताए । उनले चालकलाई गति नियन्त्रणमा राख्न, मादक पदार्थ सेवन गरी सवारी नचलाउन तथा ट्राफिक नियमको पालना गर्न आग्रह गरे।

## बालिकालाई ब्ल्याकमेलिङ गरेको आरोपमा ..............

हेरेर पैदल आइरहेका बेला दुई वटा मोटरसाइकलमा आएका ४ जनाले उनीहरूलाई ब्ल्याकमेल गरेको सूचनापछि बिहीबार बिहान करिब ३ बजे चारै जनालाई पक्राउ गरिएको हो।

चारै जना युवकले घेरा हाली भिडियो बनाएर सामाजिक सञ्जालमा अपलोड गरिदिने धम्की दिएको, अभिभावकलाई फोन गरी धम्क्याएर बार्गेनिङ गरी ६ हजार रुपैयाँ मोबाइल बैंकिङबाट ट्रान्सफर गर्न लगाएको तथा बालिकाको संवेदनशील अंग छोएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रवक्ता खनालले बताए।

प्रहरीले उनीहरूको साथबाट ज १२ प ७७७ र मधेश प्र ०२-००९ प २९०२ नम्बरको दुई वटा मोटरसाइकलसमेत नियन्त्रणमा लिएको छ।

पक्राउ परेका चारै जनामाथि आपराधिक लाभ लिन नहुने तथा बाल यौनदुरुपयोग गर्न नहुनेसम्बन्धी कसुरमा थप अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

## मधेश प्रदेशमा भाषा ऐन जारी गर्न उच्च अदालतको ............

सरकार र सम्बन्धित मन्त्रालयहरूले पेस गरेका लिखित जवाफअनुसार प्रदेश सरकारले नेपालीबाहेक मैथिली, भोजपुरी, बज्जिकालगायत भाषालाई सरकारी कामकाजको भाषा बनाउने उद्देश्यले 'प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' प्रदेशसभामा पेस गर्ने प्रक्रिया अघि बढाएको थियो।

प्रदेश मन्त्रिपरिषद्ले २०८१ कार्तिक ८ गते उक्त विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिएको थियो। तर, मन्त्रिपरिषद्ले २०८१ माघ ११ गते प्रदेशसभामा पेस गरिएको विधेयक फिर्ता लिने निर्णय गरेको अदालतको आदेशमा उल्लेख छ।

प्रदेश सरकारले पनि आफ्नो लिखित जवाफमा विधेयक फिर्ता लिएको तथ्य स्वीकार गरेको थियो। यसरी कानुन निर्माणको पहल भए पनि प्रक्रिया अन्तिम निष्कर्षमा पुग्न नसकेको अदालतले औंल्याएको छ।

प्रदेशसभा सचिवालयले कानुन निर्माण गर्ने अधिकार प्रदेशसभाको भएको जिकिर गर्दै रिट खारेज गर्न माग गरेको थियो। शिक्षा तथा संस्कृति मन्त्रालयले रिट दायर हुनुअघि नै विधेयक प्रदेशसभामा पेस भइसकेको आधारमा निवेदन खारेज गर्न माग गरेको थियो। गृह, सञ्चार तथा कानुन मन्त्रालयले भने भाषासम्बन्धी कानुन तर्जुमा गर्ने क्षेत्राधिकार शिक्षा तथा संस्कृति मन्त्रालयमा रहेको जिकिर गरेको थियो।

### भाषिक अधिकार कार्यान्वयन गर्नु राज्यको दायित्व

अदालतले भाषिक अधिकारसम्बन्धी संवैधानिक व्यवस्थालाई नीतिगत घोषणा वा प्रतीकात्मक व्यवस्थामा मात्र सीमित गर्न नमिल्ने व्याख्या गरेको छ। संविधानले प्रत्याभूत गरेका अधिकारको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गर्नु राज्यको दायित्व भएको फैसलामा उल्लेख छ।

आदेशमा भाषिक न्याय र समावेशी शासनका सिद्धान्तलाई समेत महत्त्व दिइएको छ। बहुभाषिक समाजमा राज्यले विभिन्न भाषिक समुदायको पहिचान, सम्मान र सहभागिता सुनिश्चित गर्नुपर्ने अदालतको ठहर छ।

अदालतले समानताको अवधारणा औपचारिक समानतामा मात्र सीमित नहुने उल्लेख गर्दै ऐतिहासिक रूपमा पछाडि पारिएका भाषिक समुदायको सशक्तीकरणका लागि आवश्यक उपाय अवलम्बन गर्नुपर्ने जनाएको छ। राज्यको संरचना, प्रशासनिक प्रक्रिया, शिक्षा प्रणाली र न्यायिक संयन्त्रमा भाषिक विविधताको समुचित समावेश आवश्यक रहेको फैसलामा उल्लेख छ।

भाषिक विविधताको अवहेलनाले राज्यका नीति तथा सेवा प्रवाहबाट केही समुदाय बहिष्करणमा पर्न सक्ने र त्यसले दीर्घकालीन रूपमा असमानता तथा असन्तोष बढाउन सक्ने विषय पनि अदालतले औंल्याएको छ।

विधेयक प्रदेशसभामा पेस भएर पनि फिर्ता लिइएको तथ्यले भाषासम्बन्धी कानुन निर्माण प्रक्रिया पूरा नभएको स्पष्ट भएको अदालतको ठहर छ। त्यसैले संविधानमा व्यवस्था गरिएको भाषा तथा संस्कृतिसम्बन्धी मौलिक हकसँग तादात्म्यता हुने गरी आवश्यक कानुनी प्रबन्ध गर्न अदालतले निर्देशनात्मक आदेश जारी गरेको हो।



# सिरहा बहिरा संघ सिरहा

**सिरहा नगरपालिका-९, सिरहा**
**मधेश प्रदेश (नेपाल)**

**बोलपत्र सम्बन्धी सूचना**

सिरहा बहिरा संघ सिरहाद्धारा संचालित कान उपचार केन्द्रहरुको लागि श्रवण परिक्षण कक्षा निर्माण गर्नुपर्ने भएकोले धमिरा तथा पानीबाट नोक्सान नहुने किसिमको PVC-Aluminum Sound proof cabin निर्माण गर्नुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ताहरुले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (मिति २०८३।७।१३ गते सम्म)संघको कार्यालयमा सम्पर्क गरि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**सिरहा बहिरा संघ सिरहा**




